## बागमती प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## हेटौंडा, नेपाल

### करार सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८०।०५।१२)

स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि, २०८० बमोजिम बागमती प्रदेशभित्र देहायका गाउँपालिकामा न्यायिक सहजकर्ताको पद रिक्त रही वि.स. २०८१ असार समान्त सम्मका लागि करार गरी पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिएको दस्तुर तिरेको भौचर संलग्न गरी यस मन्त्रालयमा वा मन्त्रालयको moial.p3.law@gmail.com मा इमेल मार्फत आवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्तुत कार्यविधि, आवेदन फाराम मन्त्रालयको वेबसाइट www.moial.bagamati.gov.np मा हेर्न सकिनेछ।

१. सूचना नं. ०१/२०८०/०८१

| क्र.सं. | जिल्ला | रिक्त गाउँपालिका |
|---|---|---|
| १ | मकवापनुर | ईन्द्रसरोवर गा.पा., कैलाश गा.पा., बकैया गा.पा., बागमती गा.पा., भिमफेदी गा.पा., मकवानपुरगढी गा.पा., मनहरी गा.पा., राक्सिराङ्ग गा.पा. |
| २ | चितवन | इच्छाकामना गा.पा. |
| ३ | धादिङ्ग | खनियाबास गा.पा., गङ्गाजमुना गा.पा., गजुरी गा.पा., गल्छी गा.पा., ज्वालामूखी गा.पा., त्रिपुरासुन्दरी गा.पा., थाक्रे गा.पा., नेत्रावती डबजोड गा.पा., बेनीघाट रोराङ्ग गा.पा., रुवी भ्याली गा.पा., सिद्धलेक गा.पा. |
| ४ | नुवाकोट | ककनी गा.पा., किस्पाङ गा.पा., तादी गा.पा., तारकेश्वर गा.पा., दुप्चेश्वर गा.पा., पञ्चकन्या गा.पा., म्यागङ गा.पा., लिखु गा.पा., शिवपुरी गा.पा., सुर्यगढी गा.पा. |
| ५ | ललितपुर | कोन्ज्योसोम गा.पा., बागमती गा.पा., महाङ्काल गा.पा. |
| ६ | रामेछाप | खाँडादेवी गा.पा., गोकुलगङ्गा गा.पा., दोरम्बा शैलुङ गा.पा, लिखु तामाकोशी गा.पा., सुनापति गा.पा. |
| ७ | दोलखा | कालिन्चोक गा.पा., गौरीशङ्कर गा.पा., तामाकोशी गा.पा., वैतेश्वर गा.पा., मेलुङ्ग गा.पा., विगु गा.पा., शैलुङ्ग गा.पा. |
| ८ | रसुवा | उत्तरगया गा.पा., कालिका गा.पा., गोसाईंकुण्ड गा.पा., नौकुण्ड गा.पा., आमाछोदिङमो गा.पा |
| ९. | काभ्रेपलाञ्चोक | भुम्लु गा.पा., महाभारत गा.पा., रोशी गा.पा., खानीखोला गा.पा., चौंरीदेउराली गा.पा., तेमाल गा.पा., बेथानचोक गा.पा. |
| १०. | सिन्धुपाल्चोक | जुगल गा.पा., त्रिपुरासुन्दरी गा.पा., पाँचपोखरी थाङपाल गा.पा., बलेफी गा.पा., भोटेकोशी गा.पा., लिसंखुपाखर गा.पा., सुनकोशी गा.पा., हेलम्बु गा.पा. |
| ११. | सिन्धुली | घ्याङलेख गा.पा., तीनपाटन गा.पा., फिक्कल गा.पा., मरिण गा.पा., सुनकोशी गा.पा., हरिहरपुरगढी गा.पा. |

२. पद/तहः स्थानीय न्यायिक सहजकर्ता (सहायकस्तर पाँचौं)

३. सेवा सुविधाः प्रचलित कानून बमोजिम

४. उम्मेदवारले काम गर्नु पर्ने कार्यालयः छनौट एवं सिफारिस भएको सम्बन्धित गाउँपालिका

५. आवेदन दस्तुरः रू. चार सय, (**राष्ट्रिय वाणिज्य बैंकमा रहेको प्रदेश लेखा नियन्त्रण कार्यालयको खाता नं. १०००१००२०००१००००, कार्यालय कोडः ३१४००३२०१३, राजस्व खाता शीर्षक नं. १४२२९ परीक्षा शुल्क शीर्षकमा बुझाएको सक्कल भौचर पेश गर्नु पर्नेछ।**

६. न्यूनतम योग्यताः

(क) नेपाली नागरिक,

(ख) माध्यमिक शिक्षा वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उर्तीण गरेको,

(ग) अठार वर्ष पूरा भई अन्ठाउन्न वर्ष ननाघेको,

(घ) प्रचलित कानूनले अयोग्य नभएको।

७. छनौटका आधारहरूः

(क) न्यूनतम शैक्षिक योग्यता

(ख) माथिल्लो शैक्षिक योग्यता

(ग) व्यावसायिक प्रमाणपत्र

(घ) बासिन्दाको आधार

(ङ) महिला उम्मेदवार

(च) न्यायिक/कानूनी सहजकर्ताको अनुभव

(छ) अन्तर्वार्ता

८. आवेदकले संलग्न गर्नु पर्नेः

उम्मेदवारको व्यक्तिगत विवरण, बैंक भौचर,

शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम परिषद् वा अन्य निकायमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

९. आवेदन बुझाउने स्थानः आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडा।

***नोटः आवेदकले उल्लिखित कुनै एक स्थानीय तह मात्र उल्लेख गरी दरखास्त दिनु पर्नेछ।***